जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक १४६ २०७८ साल पुस २२ गते बिहीबार (6 Jan. 2022 Thursday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

लिङ्ग पहिचान गरी भ्रुणहत्या गर्नु अपराध हो ।
त्यस्तो दुष्कर्म कसैले नगरौं, नगराऔं ।
छोरा र छोरी दुवैको जीवन सुरक्षित गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

यस अंक भित्र : २ पृष्ठमा : उखु किसानको बक्यौता... ३ पृष्ठमा : 'नेपालमा गरिने लगानी... ३ पृष्ठमा : फ्रान्समा कोरोना महामारी सुरु...

# रोजगारीका लागि दुबई गएका सुकदेवको बाकसमा शव आयो

**दैनिक समाचारदाता**
**राजविराज, २१ पुस ।**

नौं वर्षअघि रोजगारीका लागि दुबई गएका सप्तरीको अग्नीसाइर कृष्णासवरण गाउँपालिका ६ का सुकदेव चौधरीको बुधबार साँझ बाकसमा शव आएको छ ।

४६ वर्षिय चौधरी बैदेशिक रोजगारीका क्रममा ९ वर्ष अघि दुबई पुगेका थिए । एक महिना अघि दुबईमै रहँदा पारालाइसिस भई अस्पताल भर्ना भएका थिए । उनको उपचारकै क्रममा मृत्यु भएको परिवारजनको भनाई छ ।

उनी कार्यगत कम्पनीले आवश्यक प्रक्रिया पुरा गर्दा गर्दै एक महिना समय लागेको पत्नी ललिताले बताइन् । बुधबार बासकसमा उनको शव आएपछि पत्नी ललिता बेहोस भइन् ।



बैदेशिक रोजगारीका क्रममा मृत्यु भएका सप्तरीको अग्नीसाइर कृष्णासवरण गाउँपालिका ६ का सुकदेव चौधरी ।

बीच बीचमा घर समेत आउने गरेका चौधरीको दुई छोरा रहेको छ । उनले जेठो छोराको आउँदो फागुनमा विवाह समेत तय गरिसकेका थिए । विवाहका पैसाको जोहो गरेर छिटै घर फर्किने फोनमा पति चौधरीले आफूलाई सुनाउने गरेको ललिताले रुदै सुनाइन् ।

बैदेशिक रोजगारलाई सुरक्षित, भरपर्दो र मर्यादित बनाउने प्रयास गरिरहँदा थुप्रै नेपालीको यसरी नै बिदेशी भूमीमा ज्यान गुमाई बाकसमा समेटिएर आउने गरेका छन् ।

# कांग्रेसका १६ जिल्लाको अधिवेशन माघ १५ मा हुने



**दैनिक समाचारदाता**
**राजविराज, २१ पुस ।**

नेपाली कांग्रेसका १६ जिल्लाको अधिवेशन पुनः सरेको छ । यसअघि १६ जिल्लाको अधिवेशन यही पुस २७ गतेका लागि तोकिएको थियो । अब अधिवेशन आगामी माघ १५ गते हुने तय गरिएको छ ।

पार्टीको केन्द्रीय निर्वाचन समितिले माघ १२ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनलाई मध्यनजर गरी जिल्ला अधिवेशनको मिति सारेको जनाएको छ ।

समितिको बुधबार बसेको बैठकले कांग्रेसको १४औं महाधिवेशनअन्तर्गत जिल्ला कार्यसमितिको निर्वाचन हुन बाँकी रहेका जिल्लाको अधिवेशन माघ १५ गते निर्धारण गरेको समिति सचिव केशव रिजालले जानकारी दिएका छन् ।

कांग्रेसले सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, चितवन, बाँके, कैलाली, अछाम र नवरपुरमा पार्टीको जिल्ला अधिवेशन गर्न बाँकी रहेको जनाएको छ ।

# पुस २५ देखी बजाजको महाएक्सचेन्ज मेला




**दैनिक समाचारदाता**
**राजविराज, २१ पुस ।**

पुस २५ देखी बजाज कम्पनीका मोटरसाइकलको महाएक्सचेन्ज मेला राजबिराजमा आयोजना गरिने भएको छ ।

हंसराज हुलासचन्द्र एण्ड कम्पनी प्राली गोल्छा ग्रुप तथा खान अटोमोबाइल्स एण्ड इलेक्ट्रोनिक्स प्रालि राजबिराजले उक्त मेलाको आयोजना गर्ने भएको हो ।

बुधबार राजबिराजमा महाएक्सचेन्ज मेलाबारे जानकारी दिने उद्देश्यले आयोजित पत्रकार सम्मेलनमा गोल्छा ग्रुपका असिस्टेन्ट म्यानेजर शंकर मण्डलले मेला पुस २५ देखी पुस ३० सम्म चल्ने जानकारी दिए ।

उनले मेलामा कुनै पनि कम्पनीका पुरानो मोटरसाइकल साटेर निश्चित गरिएको रकम थप गरि बजाज कम्पनीको नयाँ मोटरसाइकल लिने सुविधा उपलब्ध रहेको जानकारी दिदै पुरानो मोटरसाइकलको बजार मुल्य भन्दा १० हजार थप जोडेर एक्सचेन्ज गरिने सुविधा समेत उपलब्ध रहेको बताए ।

पत्रकार सम्मेलनमा खान आटोमोबाइल्सका संचालक कलिम खाँले मेला अवधीभर सर्वसाधारणलाई ४० देखी ५० प्रतिशत, पत्रकारहरुलाई विशेष छुटसहित डाउन पेमेन्टमा शुन्य प्रतिशत ब्याजदरमा मोटरसाइकल लिन सकिने सुविधा उपलब्ध हुने जानकारी दिए ।

यसैगरि मेला अवधीभर नयाँ मोटरसाइकल खरीदमा तत्कालै ८ हजार रुँपैया छुट हुने, सर्विसिंङ तथा मोटरसाइकल उपकरण खरीदमा पनि विशेष छुट दिइने व्यवस्था गरिएको उनले जानकारी दिए । उक्त मेलामा बजाज कम्पनीका मोटरसाइकल, मोटरपार्टस र अन्य उपकरणहरुको एक दर्जनभन्दा बढी स्टलहरु राखिने पत्रकार सम्मेलनमा जानकारी दिइएको छ ।




अनुरोधकर्ता : बलान बिहुल गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय ....

# महिलाहरुप्रति गम्भिर बनौं

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा महिलाहरुको स्वास्थ्यस्थिति सुधारका लागि थुप्रै प्रयासहरु भएका छन् । यस्ता प्रयासहरु हुनु सकारात्मक पक्ष हो । तर, प्रयास गरेर मात्र नभएर त्यसलाई सुधारको बाटोतर्फ अगाडी बढाउनु आवश्यक छ । विगतमा गरिएका प्रयासहरुका कारण केही सुधार देखिएको छ यद्पी सन्तोषजनक भने छैन् । अहिले पनि ग्रामीण क्षेत्रमा महिलाहरुको यौन तथा प्रजनन् स्वास्थ्यको अवस्था सन्तोषजनक छैन् ।

महिला स्वास्थ्यका क्षेत्रमा नेपाल सरकारले गरेका प्रतिबद्धता र नीति कार्यक्रममहरु सहृनीय हुँदाहुँदै पनि महिलाको प्रजनन स्वास्थ्य अधिकार अधिकारकै रुपमा भने स्थापित हुन सकिरहेको छैन । महिलालाई अहिले पनि सन्तान उत्पादन गर्ने मेशिनका रुपमै हेर्ने गरिएको छ । सानै उमेरमा आमा बन्नुपर्ने, धेरै सन्तान जन्माउनुपर्ने, अनिच्छित गर्भधारण गर्नुपर्ने जस्ता बाध्यकारी अवस्थामा कारण नेपालमा अहिले पनि बहुसंख्यक महिलाहरु पाठेघरको समस्याबाट प्रभावित हुन्छ । महिला, किशोरकिशोरी र युवाहरुको प्रजनन स्वास्थ्यलाई अधिकारका रुपमा स्थापित गरी प्रजनन स्वास्थ्य सेवामा पहुँच बढाउनु आजको आवश्यकता हो ।

अहिले पनि हाम्रा समाजमा महिलाले आफ्नो प्रजनन स्वास्थ्य अधिकार सम्बन्धि स्वतन्त्र रुपमा निर्णय गर्न सक्ने वातावरण बन्न सकिरहेको छैन । सामाजिक, सांस्कृतिक तथा आर्थिक अधिकारको धारामा प्राथमिक स्वास्थ्य सेवालाई राज्यको दायित्वको रुपमा पहिचान गरेको छ । तसर्थ यसतर्फ सम्बन्धित निकाय र सरकारले ध्यान पुऱ्याउनु आवश्यक रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# उखु किसानको बक्यौता अझै बाँकी

काठमाडौं, २१ पुस (रासस) ।

उखु किसानको बक्यौता भुक्तानीको व्यवस्था मिलाउन संसदीय समितिले बारम्बार सरकारलाई निर्देशन दिएको भए पनि अझै किसानले पूर्णरुपमा पाउन सकेका छैनन् । विभिन्न चिनी उद्योगले किसानलाई भुक्तानी दिन बाँकी रहेको छ ।

प्रतिनिधिसभाअन्तर्गतको सार्वजनिक लेखा समितिको मंगलबारको बैठकमा वाणिज्य तथा आपूर्ति सचिव दिनेश भट्टराईले अझै उद्योगीले रु आठ करोड ७० लाख भुक्तानी गर्न बाँकी रहेको जानकारी दिनुभयो । गत वर्ष उद्योगीले उखु किसानलाई रु एक अर्ब ४० करोड भुक्तानी गर्न बाँकी थियो ।

"सरकारको निर्देशनपछि किसानलाई भुक्तानी दिने क्रम बढेको छ, अघिल्ला वर्षको तुलनामा यसपटक बढी भुक्तानी भइसकेको छ", उहाँले भन्नुभयो, "भुक्तानी सहजीकरण गरिदिन अर्थ, भूमिसुधार तथा गृहमन्त्रालयमार्फत समन्वय गरिरहेका छौँ ।" किसानको बक्यौता भुक्तानीका लागि स्थानीय प्रशासनलाई गृहमन्त्रालयमार्फत निर्देशन दिइएको उहाँको भनाइ छ ।

हिमालय सुगर मिल, श्रीराम सुगर मिल, लुम्बिनी सुगर मिल, अन्नपूर्ण सुगर मिल र इन्दिरा सुगर मिलले किसानलाई भुक्तानी दिन बाँकी छ । उखु किसानलाई भुक्तानी नदिन उद्योगीमाथि कारबाही प्रक्रिया अगाडि बढाइएको छ । सरकारले किसानलाई भुक्तानी नदिने उद्योगीको चलअचल सम्पत्ति रोक्कालगायतका कारबाही गरिरहेको छ ।

कुनै समय चिनीमा आत्मनिर्भर नेपाल अहिले विभिन्न मुलुकबाट आयात गर्नुपर्ने अवस्थामा पुगेको छ । नेपालमा वार्षिक दुई लाख ५० हजार मेट्रिक टन चिनीको माग रहेको आपूर्ति मन्त्रालयको तथ्याङ्क छ । नेपालमा वार्षिक एक लाख ७० हजार मेट्रिक टन चिनी उत्पादन हुँदै आएको छ । बजारमा चिनीको अभाव र कालोबजारी हुन नदिन सरकारले बेलाबेलामा निश्चित परिमाणमा चिनी आयात गर्न दिँदै आएको छ । नपुग चिनी व्यापारीले विभिन्न मुलुकबाट आयात गर्ने गरेका छन् ।

अर्थमन्त्रालयका राजस्व सचिव कृष्णहरि पुस्करले उखु किसानको बक्यौता भुक्तानीको व्यवस्था मिलाउन मन्त्रालय लागिरहेको बताउनुभयो । उद्योगीलाई राहत दिन विभिन्न योजना ल्याइएको उल्लेख गर्दै उखु किसानको भुक्तानी कुनै पनि हालतमा रोकिन नहुने बताउनुभयो । उहाँले सरकारका तर्फबाट किसानलाई प्रतिक्विन्टल ६५ रुपैयाँ २८ पैसा अनुदान दिने व्यवस्था रहेको जानकारी दिनुभयो ।

कृषि विकास सचिव गोविन्दप्रसाद शर्माले यस बर्षका लागि उखुको मूल्य निर्धारणका लागि मन्त्रालयले मन्त्रिपरिषद्मा प्रस्ताव लैजाने तयारी गरिरहेको बताउनुभयो । उखु किसान तथा चिनी उद्योगीसँग छलफल गरेर मूल्य निर्धारणको प्रक्रिया अगाडि बढाइएको उहाँको भनाइ छ ।

**समितिको निर्देशन किन कार्यान्वयन हुँदैन ?**

छलफलमा सांसद धर्मशीला चापागाईंले उखु किसानको बक्यौता भुक्तानीका लागि समितिले पटकपटक दिएको निर्देशन किन कार्यान्वयन नभएको भनी प्रश्न गर्नुभएको थियो । "समितिले निर्देशन दिँदै जाने, मन्त्रालयले कार्यदल बनाउँदै जाने । यस्तो अवस्थाले किसानले राहत पाउँछन् ?, संविधानले परिकल्पना गरेको समाजवाद यही हो ?", उहाँले प्रश्न गर्नुभयो ।

समितिका सदस्य अमनलाल मोदीले किसानका समस्या समाधानका लागि सरकार जिम्मेवार बन्नुपर्ने बताउनुभयो । समितिका सदस्य राजेन्द्र केसीले किसानको बक्यौता भुक्तानीका लागि स्थानीय प्रशासनले थप सक्रियता बढाउनुपर्ने बताउनुभयो । समितिका सदस्यहरुले उखु किसानका बक्यौता भुक्तानीको दीर्घकालनी उपाया खोज्नुपर्नेमा जोड दिएका थिए ।

# कारागारभित्रबाटै लागुऔषध कारोबार गर्ने गरेको खुलासा

काठमाडौं, २१ पुस (रासस) ।

कारागारभित्रैबाट लागुऔषधको कारोबार हुने गरेको तथ्य नेपाल प्रहरीले पत्ता लगाएको छ । विभिन्न क्षेत्रबाट लागुऔषधसहित पक्राउ परेका व्यक्तिसँगको अनुसन्धानका क्रममा उक्त तथ्य खुलेको हो ।

लागुऔषध नियन्त्रण ब्यूरोका प्रवक्ता प्रहरी उपरीक्षक जीवनकुमार श्रेष्ठका अनुसार सिन्धुली कारागारमा लागुऔषध मुद्दामा कैद भुक्तान गरिरहेका भारतीय नागरिक गुड्डु गुप्ताले त्यहाँका टेलिफोन नाइके सन्तोष स्याङ्तानलाई आर्थिक प्रलोभनमा पारी कारागारभित्रैबाट लागुऔषध कारोबारमा संलग्न गराएको तथ्य फेला परेको हो । तत्काल सिन्धुली कारागारमा रहेका स्याङ्तान हाल रौतहट कारागार कार्यालयमा छन् । हाल उनलाई झिकाएर अनुसन्धान थालिएको श्रेष्ठले बताउनुभयो ।

गुप्ता २०६८ सालमा लागुऔषध नियन्त्रण ब्यूरो कोटेश्वरले खैरो हेरोइन कारोबार मुद्दामा पक्राउ गरी काठमाडौं जिल्ला अदालतको २०६९ सालको फैसलाबाट १८ वर्ष कैद सजाय तोकिएका व्यक्ति हुन् । हाल कारागारमा रहेका गुप्ताले भनेअनुरुप कारोबारमा प्रयोग भएको रकम झिक्न तथा पठाउन सहयोग पुऱ्याउने कारागार कार्यालय सिन्धुलीका कार्यालय सहयोगी रीता सारू मगर रहेको खुल्न आएको छ । उनलाई समेत पक्राउ गरी अनुसन्धान थालिएको ब्यूरोले मंगलबार विज्ञप्तिमार्फत जनाएको छ ।

विभिन्न मितिमा पक्राउ परेका १७ जनाको साथबाट प्रहरीले लागुऔषध डाइजेपाम दुई हजार ३१६ एम्पुल, फेनारगन दुई हजार ३५० एम्पूल र नुर्फिन दुई हजार ३३४ एम्पुल बरामद गरेको छ । स्याङतानलाई २०७६ सालमा सिन्धुली प्रहरीले ५५ किलो गाँजा बरामद गरेको थियो । सो मुद्दामा जिल्ला अदालत सिन्धुलीले पाँच वर्ष कैद सजायको फैसला सुनाएको थियो । अन्य लागुऔषधसहित पक्राउ परेका नानीमैया लामा र रम्बादेवी दास लागुऔषध मुद्दामा कैद सजाय भुक्तान गरेका व्यक्ति हुन् भने विष्णुकुमार देउला भक्तपुर जिल्ला अदालतको फैसलाले कर्तव्य ज्यान मुद्दामा १० वर्ष कैद भुक्तान गरेका व्यक्ति हुन् । करणी मुद्दामा कृष्णराम धुकुछु पनि कैद सजाय भुक्तान गरिसकेका व्यक्ति रहेको प्रहरीले जनाएको छ ।

# महिलालाई बेहोस पारेर भारतमा बिक्री

काठमाडौं, २१ पुस (रासस) ।

पोखरामा काममा लगाइदिने बहानामा महिलालाई बेहोस पारी भारतमा पुऱ्याएर बिक्री गरेको पाइएको छ । नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्यूरोका अनुसार यसरी महिलालाई बिक्री गरेको आरोपमा प्रहरीले नुवाकोटको बालकुमारीका अनिशा भन्ने फूलमाया तामाङलाई पक्राउ गरेको छ ।

उनले पोखरामा घरायसी काममा राम्रो कमाइ हुन्छ भनी प्रलोभनमा पारी भारत पुऱ्याएर बेचेको ब्यूरोका प्रहरी उपरीक्षक राजेन्द्रप्रसाद धमलाले जानकारी दिनुभयो । सुरुमा उनले चाउमिनमा बेहोस हुने औषधि मिसाएर बेहोस पारी लगेका र होस खुल्न लाग्दा पुनः कोकमा औषधि मिसाएर बेहोस बनाउँदै भारत पुऱ्याएको पीडितको बयान छ । उनले पीडितका दिदीबहिनीलाई नै यसरी पुऱ्याएको पनि खुल्न आएको छ । उनीहरूलाई छुट्टाछुट्टै कोठीमा पुऱ्याएर बिक्री गरेको ब्यूरोको दाबी छ ।

भारतको कोठी सञ्चालकले उनलाई रु तीन लाखमा किनेको भनी यौन कार्यमा लगाएका पीडितको जाहेरीमा उल्लेख छ । उनीहरूलाई भारतको मुम्बई, कोलकाता, बिहारलगायत विभिन्न क्षेत्रमा पुऱ्याएर वेश्यावृत्तिमा लगाएको पाइएको छ । एक दिन बजारमा खाजा लिन पठाएको मौका पारेर उनी त्यहाँबाट भाग्न सफल भएको अवस्थामा भारतीय प्रहरीले सुरक्षितको सहायतामा त्यहाँबाट नेपाली राजदूतावास तथा विश्व सेवा संस्थाको सहयोगमा गत असोजमा नेपाल फर्कन सफल भएको पीडितको भनाइ छ ।

पीडितको जाहेरीका आधारमा खोजी गर्दा काठमाडौँको बूढानीलकण्ठ नगरपालिका- १० कपनबाट तामाङ पक्राउ परेको प्रहरीले जनाएको छ । उनीमाथि मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ बमोजिम मुद्दा अघि बढाइएको प्रहरी उपरीक्षक धमलाले जानकारी दिनुभयो ।

# गठबन्धनले आगामी दिनसम्म निरन्तरता पाउनेछ : अध्यक्ष नेपाल

काठमाडौं, २१ पुस (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले राष्ट्रियसभाको निर्वाचनबाट सुरु भएको गठबन्धनको सहकार्यले अरू निर्वाचनहरूमा समेत निरन्तरता पाउने बताउनुभएको छ ।

नेकपा एमाले शङ्करापुर-२ मा बुधबार आयोजित कार्यक्रममा उहाँले गठबन्धनका दलहरूबीच आगामी सबै निर्वाचनमा मिलेर जाने गरी कुराकानी भइरहेको बताउनुभएको हो ।

अध्यक्ष नेपालले नेपाली कांग्रेस र नेकपा माओवादी (केन्द्र) पनि मिलेर जान सहमत रहेको उल्लेख गर्दै आफ्नो पार्टीमा प्रवेशको लहर चलेको र कतिपय दलहरू समाहित हुन आइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "ठूलो सङ्ख्यामा सङ्गठित सदस्य रहेका दलहरू पनि समाहित भइरहेका छन् ।"

अध्यक्ष नेपालले आफू निर्वाचित हुँदा र नहुँदा दुवै अवस्थामा आफूले काठमाडौं क्षेत्र नं २ को विकासमा चासो र अग्रसरता लिँदै आएको बताउँदै काठमाडौँ जिल्ला भए पनि कर्णालीका रूपमा रहेको शङ्खरापुर-२ मा सडकलगायत पूर्वाधार निर्माणमा आफूले अग्रसरता लिँदै आएको दाबी गर्नुभयो ।

"आफ्नो क्षेत्रमा कोटेश्वरदेखि लिएर भक्तपुर सिन्धुपाल्चोकको सीमासम्म र विकसितदेखि अविकसित ठाउँसम्म रहेको छ", उहाँले भन्नुभयो, "त्यस

*बाँकी तीन पृष्ठमा*

# ‘नेपालमा गरिने लगानी प्रकृतिमैत्री हुनुपर्छ’

काठमाडौं, २१ पुस (रासस)।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा रामवरण यादवले नेपालमा गरिने लगानी प्रकृतिमैत्री हुनुपर्नेमा जोड दिनुभएको छ । राजधानीमा बुधबार आयोजित कार्यक्रममा हङकङमा मुख्य कार्यालय रहेको ‘आइडिया ग्रुप’ गैरआवसीय नेपाली तथा विदेशी साझेदार संलग्न बहुराष्ट्रिय कम्पनीको नेपाली परियोजना उद्घाटन कार्यक्रममा उहाँले नेपालमा जलविद्युत्, पर्यटन, कृषि तथा जडीबुटी प्रशोधनका क्षेत्र लगानीका लागि उर्वर रहेको बताउनुभयो ।

“भारतीयले विदेशमा आर्जन गरेको ज्ञानबाट बैङ्लोरमा ठूलो परिवर्तन ल्याएर देखाए, यस्तै परिवर्तन गैरआवासीय नेपालीले पनि नेपालमा कुनै क्षेत्रमा लगानी गरेर देखाउन सक्छन्, कामको खोजीमा खाडी जाने नेपाली युवालाई यहीँ रोजगारी दिन सक्छन्, देशलाई अघि बढाउने रचनात्मक सोच अघि सार्न पनि गैरआवासीय नेपालीको यसतर्फ ध्यान जानुपर्छ”, पूर्व राष्ट्रपति यादवले भन्नुभयो ।

प्रधानन्यायधीशले अदालत र एउटा दलले संसद् बन्धक बनाउने प्रवृत्ति जारी रहेसम्म यस्ता सोचमा ध्यान जान नसक्ने भएकाले समस्या समाधानका लागि उहाँले सबै पक्षलाई आग्रह गर्नुभयो । सकारात्मक सोचका लागि विश्वविद्यालयको जनशक्तिसँग पनि सञ्जाल निर्माण गरेर सहकार्य गरिनुपर्नेमा यादवले जोड दिनुभयो ।

प्रदेश नं १ का आन्तरिक मामिला तथा कानुनमन्त्री केदार कार्कीले नेपालको विकास भयो भने विश्वमा नेपालीको शिर उचो हुने सोच अनुसार ‘आइडिया फर नेपाल’ ले काम गर्ने विश्वास व्यक्त गर्नुभयो । ‘आइडिया फर नेपाल’ सँगको सहकार्यमार्फत् छिट्टै नै विराटनगरमा आधुनिक पार्किङ निर्माण हुन लागेको जानकारी पनि उहाँले कार्यक्रममा दिनुभयो ।

**पार्किङ समस्या समाधानमा आधुनिक प्रणाली**

सहरको समस्या बनिरहेको पार्किङ व्यवस्थापनको झन्झट हटाउने गरी नेपालमा आधुनिक पार्किङ प्रणाली भित्र्याइने भएको छ । विश्वका विभिन्न देशमा पार्किङलगायत विभिन्न व्यवसाय गरिरहेका ‘आइडिया ग्रुप’ को नेपाल शाखा ‘आइडिया फर नेपाल’ ले यस्तो प्रणाली भित्र्याउन लागेको हो ।

कार्यक्रममा परियोजनाबारे जानकारी दिँदै आइडिया नेपालका अध्यक्ष गोकर्ण श्रेष्ठले अत्याधुनिक कार पार्किङ प्रणाली भित्र्याएपछि दुई कार पार्किङ गर्ने स्थानमा दर्जनौँ कार पार्किङ गर्न सकिने बताउनुभयो । उहाँले विभिन्न देशमा काम गरेको अनुभवका आधारमा नेपालमा पनि काम गर्न लागेको जानकारी दिनुभयो । आइडियाको विभिन्न परियोजनामार्फत आगामी १० वर्षभित्र १० लाख जनालाई उद्यमी बनाउने सोच रहेको बताउनुभयो ।

कम्पनीले हाल विश्वका विभिन्न देशमा ४०० भन्दा बढी परियोजनामा संलग्नता जनाएको छ । त्यसमध्ये ५० वटालाई आफैँले नेतृत्व गरिरहेको छ । तीन सय ५० वटा परियोजनामा भने अरु कम्पनीको पनि लगानी छ । कम्पनीले अफ्रिकाको सुनखानी, युरोपमा पार्किङ, घरजग्गा व्यसाय (रियल स्टेट), कृषि तथा अन्य विविध क्षेत्रमा लगानी गरिरहेको छ । करिब पाँच वर्षअघिदेखि नेपालमा पनि यसले कृषि, घरजग्गा, पर्यटनलगायतको क्षेत्रमा लगानी गरिरहेको छ ।

कम्पनीले कीर्तिपुर, बुटवल, नेपालगञ्ज, पोखरालगायतका क्षेत्रमा ‘मेघा सिटी’ निर्माणको अवधारणासहित आवास निर्माण गर्दैछ । त्यस्तै सिन्धुपाल्चोकमा फलफूल तथा जुम्लामा स्याऊ फर्म सञ्चालनको लागि प्रक्रिया आरम्भ गरेको छ । कार्यक्रममा संस्थाका निर्देशक रोजिना प्रधान राईले नेपालीलाई विश्वभर कामदारका रूपमामात्र हेरिने वर्तमान परिस्थितिलाई परिवर्तन गर्दै नेपाली पनि ‘इन्टरप्रेनर’ हुन् भन्ने स्थापित गराउन आफूहरू लागि परेको बताउनुभयो ।

# बिम्स्टेक प्रक्रियालाई थप सुदृढ बनाउन नेपालको प्रतिबद्धता

काठमाडौं, २१ पुस (रासस)।

प्रधानमन्त्री शेरबहादुर देउवासँग बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गाल खाडीको प्रयास (बिम्स्टेक)का महासचिव तेन्जिङ लेकफेलले शिष्टाचार भेट गर्नुभयो ।

बालुवाटारस्थित प्रधानमन्त्री निवासमा भएको भेटमा बिम्स्टेकमा हालसम्म भएका प्रगतिलाई कसरी अघि बढाउने तथा बिम्स्टेक प्रक्रियालाई थप सुदृढ बनाउने विषयमा विचारविमर्श भएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

नेपालको चारदिने परिचयात्मक भ्रमणमा रहनुभएका महासचिव लेकफेलले प्रधानमन्त्रीले बिम्स्टेकजस्ता क्षेत्रीय सङ्गठनमा नेपालको रचनात्मक संलग्नता रहिरहने तथा बिम्स्टेक प्रक्रियाप्रति नेपालको पूर्ण प्रतिबद्धता रहेको बताउनुभयो । बिम्स्टेकलाई थप प्रगति गर्न सघाउन नेपालले रचनात्मक योगदान गर्ने दृढता पनि उहाँले व्यक्त गर्नुभयो ।

बिम्स्टेकले हालसम्मका प्रगतिलाई सुदृढ तुल्याउन तथा क्षेत्रीय सहयोगको आकाङ्क्षालाई साकार पार्न महत्वपूर्ण उपलब्धि हासिल गर्ने विश्वास प्रधानमन्त्रीले व्यक्त गर्नुभयो ।

बिम्स्टेक प्रक्रियालाई अगाडि बढाउन नेपालले पुऱ्याएको योगदानको प्रशंसा गर्दै महासचिवले काठमाडौंमा सम्पन्न चौथो बिम्स्टेक शिखर सम्मेलन सहयोगका क्षेत्रलाई सुव्यवस्थित र संस्थागत सुदृढीकरणका लागि महत्वपूर्ण कोसेढुङ्गा भएको बताउनुभयो । बिम्स्टेकप्रतिको नेपालको प्रतिबद्धताको उहाँले सराहना पनि गर्नुभयो ।

कोभिड-१९ महामारीका कारण दुई वर्षअघि हुनुपने बिम्स्टेकको पाँचौं शिखर सम्मेलन आगामी चैतमा श्रीलङ्काले आयोजनाको प्रस्ताव गरेको छ । यद्यपि सदस्य देशबाट त्यो अनुमोदन हुन बाँकी छ ।

प्रारम्भमा बङ्गलादेश, भारत, श्रीलङ्का र थाइल्याण्डमात्र सदस्य रहेको चारदेशीय उक्त संस्थामा भुटान, म्यान्मा र नेपाल थपिएपछि बिम्स्टेक बनेको हो । २०५४ साल जेठ २४ गते स्थापना भएको उक्त क्षेत्रीय सङ्गठनको सदस्यता नेपालले २०६० साल माघमा लिएको हो ।

# साइबर सुरक्षाबारे छलफल

काठमाडौं, २१ पुस (रासस)।

गृहमन्त्रालयमा साइबर सुरक्षाबारे सरोकारवाला निकायबीच मंगलबार छलफल भएको छ । डिजिटल प्रविधिको प्रयोगसँगै साइबर सुरक्षामा बढ्दो चुनौती तथा जोखिम न्यूनीकरण, नेपालमा हुने साइबर आक्रमण प्रवृत्ति, साइबर सुरक्षाका विद्यमान समस्या र समाधानका उपायबारे बैठकमा छलफल भएको गृहमन्त्रालयले जनाइएको छ ।

गृहसचिव टेकनारायण पाण्डेको अध्यक्षतामा बसेको बैठकमा मन्त्रालयका सुरक्षा तथा समन्वय महाशाखा प्रमुख मुकुन्दप्रसाद निरौला, गृहप्रवक्ता प्रदीपकुमार कोइराला, नीति योजना अनुगमन तथा मूल्याङ्कन महाशाखाका प्रमुख डा भीष्मकुमार भुसाल, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव अनिलकुमार दत्त हुनुहुन्थ्यो ।

यस्तै बैठकमा उपसचिव इन्द्रप्रसाद मैनाली, सूचना प्रविधि विभागका महानिर्देशक प्रेमशरण श्रेष्ठ, राष्ट्रिय सूचना प्रविधि केन्द्रका कार्यकारी निर्देशक सुनिल पौडेल, नेपाल प्रहरी, साइबर ब्युरोका प्रहरी वरिष्ठ उपरीक्षक नविन्द अर्याल, नेपाल दूरसञ्चार प्राधिकरणका सहायक निर्देशक ओमप्रकाश महतोलगायत सहभागी हुनुहुन्थ्यो ।

छलफलमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव दत्तले साइबर सुरक्षा क्षेत्रमा भए गरेका कार्यको वर्तमान अवस्था सम्बन्धमा प्रस्तुति दिनुभएको थियो । बैठकमा विद्यमान कानूनी व्यवस्था, मन्त्रालयबाट भएका साइबर सुरक्षासँग सम्बन्धित मुख्यमुख्य कार्य, चालू आर्थिक वर्षमा सञ्चालन हुने साइबर सुरक्षासँग सम्बन्धित प्रमुख कार्यक्रम, भावी कार्यक्रम तथा समस्या/चुनौती सम्बन्धमा जानकारी गराइएको थियो ।

साइबर ब्यूरोका प्रहरी वरिष्ठ उपरीक्षक अर्यालले नेपालमा घटेका साइबर आक्रमण, तिनको पहिचान तथा रेस्पोन्स प्रक्रिया, घटनाक्रमका प्रवृत्ति तथा कमीकमजोरी सम्बन्धमा जानकारी गराउनुभएको थियो । गृहमन्त्रालयका सहसचिव डा भुसालले सरकारी निकायमा प्रयोग/निर्माण हुने सफ्टवेयरका न्यूनतम मापदण्ड तोक्नुपर्ने, सूचना व्यवस्थापन प्रणालीको लेखापरीक्षण अनिवार्यरूपमा गराउनुपर्ने, हाल बढ्दो सामाजिक सञ्जालको दुरुपयोग, भ्रामक समाचार तथा इमेलको नियन्त्रणका लागि प्रभावकारी कदम चाल्नुपर्ने बताउनुभएको थियो । सहभागीले जोखिम न्यूनीकरण तथा सुधारका लागि गर्नुपर्ने कामका सन्दर्भमा सुझाव प्रस्तुत गर्नुभएको थियो ।

बैठकमा गृहसचिव पाण्डेले अपराधका विषय, अनलाइन माध्यमको नियमनका लागि नियामक निकाय पहिचान, भूमिका परिभाषित गरी बाधा अड्चन फुकाउँदै जानुपर्ने र प्रभावकारी साइबर सुरक्षाका उपाय अपनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले घनिभूत छलफल गरी अन्तरनिकाय समन्वयमार्फत साइबर सुरक्षामा भरपर्दो उपाय अपनाउन आग्रह गर्नुभएको छ ।

उक्त प्रयोजनका लागि मन्त्रालयको नीति योजना अनुगमन तथा मूल्याङ्कन महाशाखा प्रमुख डा भुसालको संयोजकत्वमा १० सदस्यीय एक समितिसमेत गठन गठन गरिएको छ ।

### *गठबन्धनले आगामी ...*

क्षेत्रमा सडक, पार्क, विद्यालय भवनलगायत पूर्वाधार निर्माणमा आफ्नो सहयोग निरन्तर रहनेछ ।”

सो कार्यक्रममा उहाँले नेकपा एमाले शङ्करापुर-२ का वडा सचिव सोमबहादुर (सुमन) लामा लगायतलाई पार्टी प्रवेश गराउनुभएको थियो ।

# बढी शुल्क लिने मेडिकल कलेजहरूलाई सम्बन्धन खारेज गर्ने सरकारको चेतावनी

**दैनिक समाचारदाता**
**काठमाडौँ, २१ पुस ।**

तोकिएभन्दा बढी शुल्क लिने मेडिकल कलेजहरूलाई सम्बन्धन खारेज गर्ने सरकारले चेतावनी दिएको छ ।

चिकित्सा शिक्षा आयोगबाट निर्धारितभन्दा बढी शुल्क लिएको गुनासो आएको भन्दै मन्त्रालयले पटक-पटकको निर्देशन अवज्ञा गर्ने मेडिकल कलेजहरूको समबन्धन खारेज गर्ने चेतावनी दिएको हो ।

बुधबार मन्त्रालयका प्रवक्ता दीपक शर्माद्वारा जारी विज्ञप्तिमा भनिएको छ, ‘दिएको निर्देशनलाई बेवास्ता गरी गैरकाकूनी रुपमा विद्यार्थीबाट बढी शुल्क असुर

*बाँकी अन्तिम पृष्ठमा*

# विश्व समाचार

## फ्रान्समा कोरोना महामारी सुरु भएयताकै सबैभन्दा बढी सङ्क्रमित

पेरिस, २१ पुस (रासस/सिन्ह्वा)।

फ्रान्सका स्वास्थ्य अधिकारीले यहाँ ठूलो सङ्ख्यामा दैनिक कोभिड सङ्क्रमित भेटिएका बताएका छन् । यद्युरोपमा पछिल्ला दिनमा कोभिडको नयाँ भेरियन्ट ओमिक्रोन फैलिएसँगै सङ्क्रमितको सङ्ख्या पनि दिन प्रतिदिन बढ्दै गएको यहाँका अधिकारीले जनाएका छन् ।

मङ्गलबार त्यसको पछिल्लो २४ घन्टामा फ्रान्समा दुई लाख ७१ हजार ६८६ जनामा सङ्क्रमण देखिएको अधिकारीले जनाएका छन् । यो सङ्ख्या फ्रान्समा कोभिडको महामारी सुरु भएयताकै सबैभन्दा धेरै सङ्क्रमित भेटिएका बताइएको छ ।

फ्रान्सबाहेक अन्य युरोपेली देश ग्रीस, पोर्चुगल, इटाली र बेलायतमा पनि अहिलेसम्मकै उच्च सङ्ख्यामा सङ्क्रमित भेटिएका समाचार आइरहेका बताइएको छ । पछिल्ला दिनमा क्रिसमस बिदा र नयाँ वर्षको पूर्वसन्ध्यामा मानिसको जमघटका कारण पनि युरोपमा कोभिड तीव्र गतिमा फैलिएको बताइएको हो । साथै मङ्गलबार दिएको जानकारीअनुसार हाल त्यहाँका २० हजारभन्दा बढी व्यक्ति अस्पताल भर्ना भएका छन् । तीमध्ये तीन हजार ६०० भन्दाबढी आइसियूमा भर्ना भएका बताइएको छ ।

कोभिडको पछिल्लो लहरले युरोपको स्वास्थ्य प्रणालीलाई नै तहसनहस पार्न सक्ने विश्व स्वास्थ्य सङ्गठन(डब्लूएचओ)ले चेतावनी दिँदै आएको छ । जनवरीदेखि फ्रान्समा दैनिक सङ्क्रमितको सङ्ख्या दुई लाख ५० हजार नाघ्ने फ्रान्सका स्वास्थ्यमन्त्री ओलिभिअर भेरानले बताउनुभएको थियो ।

सोही बमोजिम नै अहिले यहाँ कोभिडका सङ्क्रमति बढेका बताइएको छ । आगामी दिनमा फ्रान्सका अस्पताल कोभिडका विरामीले भरिन सक्ने यहाँका चिकित्सकले जनाएका छन् । फ्रान्सको सरकारले यहाँका कर्मचारीलाई घरबाटै गर्न मिल्ने कामहरु घरबाट गर्न निर्देशन दिएको छ । फ्रान्समा कोभिडको बुस्टर डोज लगाउने काम पनि जारी रहेको छ तर सङ्क्रमित भने बढेका छन् ।

## डेनमार्कमा ओमिक्रोनबाट १८ को मृत्यु

कोपेनहेगन, २१ पुस (रासस/सिन्ह्वा)।

डेनमार्कमा कोरोनाको ओमिक्रोन भेरियन्टबाट कम्तीमा पनि १८ जनाको मृत्यु भएको बताइएको छ । यहाँका स्वास्थ्यकर्मीले गत नोभेम्बरको अन्तिमदेखि डिसेम्बर महिनाको अन्तिमसम्म यहाँ ओमिक्रोनबाट मात्र १८ जनाको मृत्यु भएको बताएका छन् ।

डेनमार्कसहित फ्रान्स, ग्रीस, पोर्चुगल, इटाली, बेलायतलगायतका अन्य युरोपेली देशमा पछिल्ला हप्तामा उच्च सङ्ख्यामा सङ्क्रमित भेटिएका समाचार आइरहेका बताइएको छ । पछिल्ला दिनमा क्रिसमस बिदा र नयाँ वर्षको पूर्वसन्ध्यामा मानिसको जमघटका कारण पनि युरोपमा कोभिड तीव्र गतिमा फैलिएको बताइएको हो । यता डेनमार्कमा भने ओमिक्रोनको सङ्क्रमण बढ्दै गएको अधिकारीले जानकारी दिएका छन् ।

## लिबियाका पूर्वउपप्रधानमन्त्रीलाई भ्रष्टाचारको आरोप

त्रिपोली, २१ पुस (रासस/सिन्ह्वा)।

लिबियाको पूर्वउपप्रधानमन्त्री तथा पूर्वगृहमन्त्रीलाई भ्रष्टाचार गरेको आरोप लगाइएको छ । लिबियाका महान्यायाधिवक्ताको कार्यालयले पूर्वउपप्रधानमन्त्री तथा गृहमन्त्री अल साद्धिक अब्दुल्करी करिमलाई भ्रष्टाचार गरेको आरोप लागाइएको हो । उहाँहरुले आर्थिक अनियमितता गरेको र उहाँमाथी अनुसन्धान भइरहेको पनि अधिकारीले जनाएका छन् ।

राष्ट्रपतिका उम्मेदवारसमेत रहनुभएका करिमले आफू पदमा रहँदा न्युन गुणस्तरको सामग्रीलाई उच्च मूल्य तिर्नेगरी हस्ताक्षर गरेको पाइएको दावी गरिएको छ । उहाँले कानुनको उलङ्घन र गलत प्रयोग गरेकाले उहाँमाथी अनुसन्धान गरी कारबाही गर्न महान्यायाधिवक्तको कार्यालयले माग गरेको छ । उहाँले राज्यलाई पाँच करोड अमेरिकी डलर नोक्सान गराएको महान्यायधिवक्ताको कार्यालयले दाबी गरेको छ ।

## काजकिस्तानमा २०० जना पक्राउ

अल्माटी, २१ पुस (रासस/एएफपी)।

काजकिस्तानमा दुई सय जनाभन्दा बढी पक्राउ परेका छन् । विजुलीको मूल्य बढेपछि सुरु भएको आन्दोलनमा सहभागीमध्ये २०० भन्दा बढीलाई पक्राउ गरिएको हो । मध्यएसियाली मुलुक काजकिस्तानमा आन्दोलनका कारण अशान्ति भएको भन्दै सरकारले आन्दोलनकारीलाई पक्राउ गरेको हो ।

“आन्दोलनकारीले सार्वजनिक यातायातका सेवालाई असर पारेको, सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याएकोलगायतका कारणले उनीहरुलाई पक्राउ गरिएको हो,” गृह मन्त्रालयद्वारा जारी वक्तव्यमा उल्लेख गरिएको छ । आन्दोलनका क्रममा भएको झडपमा परी ९५ प्रहरी घाइते भएको पनि गृह मन्त्रालयले जनाएको छ ।

# बारालाई प्रदेश २ क्रिकेटको उपाधी



**दैनिक समाचारदाता**
**राजविराज, २१ पुस ।**

प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिताका लागि राजविराजमा भएको प्रदेश २ स्तरिय छनोट प्रतियोगिताको उपाधी बाराले जितेको छ ।

राजविराजस्थित राजरंगशालामा बुधबार भएको फाइनल खेलमा बाराले धनुषालाई ३४ रनले पराजित गर्दै उपाधी जितेको हो ।

टस जितेर बाराले पहिलो ब्याटिङ गर्दै १ सय २५ रनको योगफल खडा गरेको थियो । जसमा तिर्थराज दास २३, साहिल पटेल १६, जितेन्द्र यादब १७, रबी साह १४ र आशुतोष पटेल तथा निखिल सिँहले समान १०/१० रनको योगदान दिएका थिए । बलिङतर्फ धनुषाका आकाश राय ३, बिकास सुशलिंग र रूपेश यादबले २/२ बिकेट हात पारेका थिए ।

१ सय २६ रनको बिजयी लक्ष्य लिएर मैदानमा ओर्लेको धनुषा २२ दशमलव ५ ओभरमै ९१ रनमा समेटिएको थियो । धनुषाका लागि अकबर अली ( अविजित) ३८ र परशुराम यादबले ११ रनको योगदान दिएका थिए । अन्य ब्याट्समयानले दोहोरो अंक पार गर्न सकेनन् । बलिङतर्फ बाराका समीर नेपालले उत्कृष्ट बलिंग गर्दै ४, आशुतोष पटेल, जितेन्द्र यादब र कुमार थापाले २/२ बिकेट बाडेका थिए । उक्त फाइनल खेलको म्यान अफ दि म्याच बाराका समीर नेपाल घोषित भए ।

प्रतियोगिताको म्यान अफ दि सिरिज सप्तरीका अजय यादब, बेस्ट ब्याट्सम्यान सिरहाका म्यान शैलेन्द्र साह तथा सप्तरीका अजय यादब बेस्ट बलर घोषित भए ।

प्रदेश २ क्रिकेट संघको सहयोगमा क्रिकेट संघ सप्तरीले आयोजना गरेको प्रतियोगितामा बिजेतालाई प्रमुख अतिथि नेपाल क्रिकेट संघका केन्द्रीय कोषाध्यक्ष रोशन सिँह, प्रदेश २ क्रिकेट संघका अध्यक्ष हिरा भगत, प्रदेश २ का उपाध्यक्ष सुनिल महासेठ, सप्तरी क्रिकेट संघका अध्यक्ष आयुष श्रेष्ठ, कोषाध्यक्ष तुलानाथ माझी लगायतले पुरस्कार बितरण गरे । कार्यक्रमको संचालन सप्तरी क्रिकेट संघका सचिव चन्दन कुमार यादबले गरेका थिए ।

प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिता यही पुस २५ गतेदेखी काठमाडौंमा हुने भएको छ ।



सिके राउत नेतृत्वको जनमत पार्टीले किसानको समस्या समाधान लगायत ११ बुँदे मागसहित अनिश्चितकालिन राजमार्ग बन्द गरि सुरु गरेको आन्दोलनका क्रममा बुधबार सप्तरीको भारदहमा हलोसहितको प्रदर्शन गर्दै । *तस्बिर : सामाजिक संजाल*

# चिसोका कारण धनुषामा एकको मृत्यु

**दैनिक समाचारदाता**
**जनकपुर, २१ पुस ।**

केही दिनयता बढेको अत्यधिक चिसो र शीतलहरका कारण धनुषामा एकजनाको कठ्याङ्ग्रिएर मृत्यु भएको छ ।

मृत्यु हुनेमा धनुषाको क्षिरेश्वरनाथ नगरपालिका ५ की ६० वर्षीया समुद्रीदेवी यादव रहेका छन् ।

यादवको जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा उपचारका क्रममा मृत्यु भएको जिल्ला समन्वय समितिका प्रमुख रामदेव बनरैत यादवले जानकारी दिएका छन् ।

यसअघि सप्तरीको महदेवा गाउँपालिका ४ का ६५ वर्षीय देवनारायण ठाकुरको सोमबार बिहान चिसोले कठ्याङ्ग्रिएर मृत्यु भएको थियो ।

अत्यधिक चिसो र शीतलहरले जनजीवन कष्टकर बन्दै गएपछि धनुषाका चार स्थानीय तहले विद्यालयमा बिदा दिएका छन् ।

क्षिरेश्वरनाथ नगरपालिका, नगराइन नगरपालिका, मुखियापट्टी गाउँपालिका र लक्ष्मीनियाँ गाउँपालिकाले सूचना जारी गरी विद्यालय बन्द गरिएको जनाएका छन् । चिसोका कारण टोलटोलमा दाउरा बालेर आगो ताप्ने क्रम बढेको छ ।

# थप अतिरिक्त एक मात्रा खोप अभियान स्थगित

काठमाडौं, २१ पुस (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोभिड–१८ विरुद्धको खोपको थप एक अतिरिक्त मात्रा खोपको अभियान कार्यक्रम स्थगित गरेको छ । मन्त्रालयका प्रवक्ता डा सङ्गीताकौशल मिश्राले सबै नागरिकलाई कोरोना भाइरसविरुद्धको खोपको पूरा मात्रा लगाउनुपर्ने भएकोले अहिलेका लागि अतिरिक्त थप एक मात्रा खोप अभियान कार्यक्रम स्थगित गरिएको बताउनुभयो ।

“सबै नागरिकलाई कोभिड–१९ विरुद्धको पूरा मात्रा खोप चाँडै उपलब्ध गराउन महत्वपूर्ण भएकाले राष्ट्रिय खोप अभियान द्रुत गतिमा सञ्चालन गर्न आवश्यक छ”, उहाँले जारी गर्नुभएको सूचनामा भनिएको छ, “त्यसैले प्राविधिक विषयमा थप छलफल तथा तयारी गरी आगामी माघ महिनादेखि यस विषयमा जानकारी गराउने व्यहोरा अनुरोध छ ।”

मन्त्रालयले मंगलबारदेखि कोभिड–१९ विरुद्धको पूर्ण मात्रा खोप लगाएको तीन महिना पुगेका लक्षित व्यक्तिलाई पहिले जुन खोप लगाएको हो, सोही प्रकृतिको खोप थप एक अतिरिक्त मात्रा दिन थालिएको थियो । कोभिड–१९ खोप सल्लाहकार समितिको सिफारिसमा मन्त्रालयले थप एक मात्रा खोप दिइन थालेको हो ।

मन्त्रालयले मध्यम तथा गम्भीररूपमा रोग प्रतिरोधात्मक क्षमता कम भएका व्यक्ति सक्रिय क्यान्सरका रोगी, अङ्ग प्रत्यारोपण गरेका बिरामी, एचआइभी भएका बिरामी, उपचारका क्रममा रोग प्रतिरोधात्मक क्षमता कम गराउने औषधि सेवन गरिरहेका बिरामी र भेरोसेल वा सिनोफार्म खोप लगाएका ६० वर्ष र सोभन्दा माथिका ज्येष्ठ नागरिकलाई अतिरिक्त मात्रा खोप दिइन थालेको थियो ।

# महोत्तरीमा जाडो छल्न विद्यालय बन्द गरिँदै

महोत्तरी, २१ पुस (रासस) ।

लगातार बाक्लो हुस्सुसँगै चिसो बढ्दै गएपछि महोत्तरीमा धमाधम विद्यालय बन्द गर्न थालिएका छन् । जाडो बढेपछि स्थानीय तहले केही दिनका लागि विद्यालय बन्द गर्ने सूचना जारी गरेका हुन् ।

सोनमा गाउँपालिकाले सोमबार सूचना जारी गरेर एक साता विद्यालय बन्द गराएको छ । त्यसैगरी मटिहानी नगरपालिकाले मङ्गलबार सूचना जारी गरी बुधबारदेखि विद्यालय बन्द रहने जनाएको छ । आधारभूत तहका विद्यालयमा बालबालिकाको स्वास्थ्यलाई ख्याल गर्दै केही दिन विद्यालय बन्द गर्ने निधो गरिएको स्थानीय तहले जनाएका छन् । मौसममा सुधार आए पठनपाठन सञ्चालन गरिने सोनमा गाउँपालिकाका अध्यक्ष राजकुमार यादव बताउनुहुन्छ । मटिहानीका उपप्रमुख शिबोदेवी साहले बालबालिकालाई चिसोबाट बचाउन केही दिन विद्यालय बन्द गरिएको र मौसममा सुधार आउनासाथ पठनपाठन सञ्चालन हुने बताउनुभयो ।

बाक्लो हुस्सु लागेपछि जाडो निकै बढेको छ । बर्दिवास, भङ्गहा, औरही र गौशाला नगर क्षेत्रका अधिकांश ठाउँमा भने मङ्गलबार घाम लागेको थियो । मध्य र दक्षिणवर्ती भेगमा भने बाक्लो हुस्सु लागेको छ । सम्सी, एकडारा, महोत्तरी र पिपरा गाउँपालिका तथा मनराशिशवा, जलेश्वर, रामगोपालपुर, बलवा, लोहारपट्टी र जलेश्वर नगरपालिकाका विद्यालयमा विद्यार्थीको उपस्थिति घट्दै गएको छ ।

***बढी शुल्क लिने ...***

गरिएमा राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १४ बमोजिम कारबाही हुने व्यहोरा सूचित गरिन्छ ।’

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १४ (क)मा निर्धारितभन्दा बढी शुल्क लिएमा सम्बन्धनको खारेजी गर्ने उल्लेख छ ।

विगतमा शिक्षा र गृह मन्त्रालयले समेत निर्धारित शुल्कभन्दा बढी रकम नलिन र लिइएको पाइए प्रचलित कानूनबमोजिम कारबाही भन्दै सम्बन्धित विश्वविद्यालयहरूलाई निर्देशन दिइसकेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेलले जानकारी दिए ।

चिकित्सा शिक्षाको एमबीबीएस लगायतका शैक्षिक कार्यक्रमका लागि लिइने शुल्क राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १८ मा उल्लेख गरिएको छ ।

मन्त्रालय र आयोगले विद्यार्थीलाई तोकिएको भन्दा बढी शुल्क नबुझाउन आग्रह गरे पनि मेडिकल कलेजहरुले बढी शुल्क नबुझाए विद्यार्थीलाई परीक्षा दिनै बञ्चित गराउँदै आएका छन् ।


महिलामाथि हुने शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक हिंसानै महिला हिंसा हो ।

त्यस्ता हिंसा सामाजिक तथा कानूनी रुपमा अपराध हुन् ।

कोही कसैवाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खवर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit
PRABHU Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेवसाइट :** rajbirajdainik.com.np